दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक २५५ | बुटवल | २०८२ भदौं २६ गते, बिहीबार | नेपाल संवत ११४५ | Thursday September 11, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# पूर्व प्रधानन्यायाधीश कार्कीको नेतृत्वमा नागरिक सरकार बनाउन प्रस्ताव



बुटवल । जेनजी प्रतिनिधिसँग जंगीअड्डामा भएको बैठकमा पूर्व प्रधानन्यायाधीश शुसील कार्कीको नेतृत्वमा नागरिक सरकार बनाउन प्रस्ताव गरिएको छ ।

यो प्रस्ताव नेपाली सेनाका प्रमुख अशोकराज सिग्देलसमक्ष पठाइएको छ। एक उच्च सैनिक अधिकृतकाअनुसार जेन जी प्रतिनिधिहरुले कार्कीको नाममा सरकार बनाउन भनेका थिए। यद्यपि अझै अर्को समूहसँग समेत कुरा भइरहेकाले निर्णय हुन बाँकी रहेको सैनिक स्रोतले जनाएको छ।

सेनाले पूर्वप्रधानन्यायाधीश कार्कीसँग समेत संवाद गर्ने जनाएको छ।

बुधबार दिनभर जनेजी युवाले सामाजिक सञ्जाल डिस्कर्डमा समेत कसलाई नेतृत्वमा ल्याउने भन्ने विषयमा छलफल गरेका थिए। त्यसक्रममा समेत कार्कीको पक्षमा बलियो मत प्रस्तुत भएको छ।

धेरै युवाले काठमाडौं महानगरका मेयर बालेन शाहको नाम समेत प्रस्ताव गरेका थिए। तर, उनी सम्पर्कमा नआएको कतिपयको गुनासो छ। मंगलबार बेलुकी उनले स्टाटस लेख्दै जेनजीलाई सेना प्रमुखसँग वार्ताका गर्न तयार रहन भनेका थिए।

बुधबार बिहान जेन जी प्रतिनिधि वार्ताका लागि जंगीअड्डा पुगेका थिए । तर, १५ जनाभन्दा बढी छलफलका लागि पुगेपछि सेना प्रमुख अशोकराज सिग्देलले पहिले आपसमा सहमति गरेर आउन भनेका थिए। उनले संयोजक समेत तोकेर आउन आग्रह गरेका थिए। त्यसपछि जंगीअड्डाकै एउटा कोठामा बैठक भएको थियो।

त्यसक्रममा कतिपयले गणान्त्रिक व्यवस्थाविरुद्ध समेत प्रस्ताव राखेका थिए। त्यही कारण रक्षा बमसहितको समूह बाहिरिएको थियो । यद्यपि, अन्तिममा कार्कीको नेतृत्वमा नागरिक सरकार बनाउने सहमति भएको थियो। त्यसअघि जंगीअड्डामा भएको वार्तामा गणतन्त्र कि राजतन्त्र भन्नेमा जेनजी प्रतिनिधि नै विभाजित भएका थिए।

काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले समेत मंगलबार अपराह्न सामाजिक सञ्जालमार्फत् सेना प्रमुखसँग वार्ता गर्न तयार हुनुस् भन्दै त्यसका लागि संसद् चाहिँ विघटन भएको हुनपर्ने उल्लेख गरेका थिए।

'अब तपाईंको पुस्ताले नै देशको नेतृत्व गर्नुपर्नेछ, तयार रहनु होला।'-उनले भनेका थिए। यसपछि राष्ट्रपति कार्यालयले विज्ञप्ति जारी गर्दै जेनजी समूहलाई वार्तामा आउन आह्वान गरेको थियो।

त्यसक्रममा धेरै समूहले आफूहरु जेन जीको प्रतिनिधि भएको भन्दै राष्ट्रपति कार्यालय र नेपाली सेनासँग सम्पर्क गरेका थिए।

बलियो कानुनी पृष्ठभूमि, राजनीतिक सुझबुझ र परिपक्वताले गर्दा धेरै युवाहरुको रोजाइमा कार्की परेकी छन् । कार्कीले प्रधानन्यायाधीश पदमा छँदा निस्पक्ष र सन्तुलित भूमिका निर्वाह गरेकी थिइन्। धेरैले उनलाई निर्भिक न्यायमूर्तिका रुपमा चिन्ने गर्छन्।

सुशीला कार्की नेपालको सर्वोच्च अदालतको पहिलो महिला प्रधानन्यायधीश पनि हुन्। उनले २०७३ साल असार २७ गतेदेखि २०७४ जेठ २४ गतेसम्म यो पद सम्हालेका थिइन्। उनको जन्म २००९ जेठ २५ मा मोरङ, विराटनगरको शंखरपुरमा भएको हो।

सात सन्तानमध्ये ज्येष्ठ छोरीका रूपमा जन्मिएकी कार्कीको परिवार किसानी पृष्ठभूमिको थियो भने बीपी कोइरालाको परिवारसँग नजिकको सम्बन्ध थियो। सुशीलका पति दुर्गा सुवेदी प्रजातान्त्रिक सेनानी हुन्।

सुशीलाले महेन्द्र मोरङ क्याम्पसबाट २०२८ सालमा बीए र बनारस हिन्दू विश्वविद्यालयबाट २०३१ सालमा राजनीति शास्त्रमा एमए गरिन्। त्यसपछि त्रिभुवन विश्वविद्यालयबाट २०३४ सालमा कानुनमा स्नातक उपाधि हासिल गरेकी छिन्।

उनको करिअर भने शिक्षण पेशाबाट सुरु भएको थियो। उनले २०४२ देखि २०४६ सालसम्म महेन्द्र बहुमुखी क्याम्पस, धरानमा प्राध्यापन गरिन्।

२०३५ सालमा वकालत सुरु गरेकी उनले विराटनगरको पुनरावेदन अदालतमा बार अध्यक्षको जिम्मेवारीसमेत सम्हालिन्।

» बाँकी ३ पेजमा

## संविधानसम्मत निकास चाहिन्छ : एमाले

बुटवल। नेकपा (एमाले) का महासचिव शंकर पोखरेल र उप-महासचिव प्रदीप ज्ञवालीले प्रधानमन्त्रीको राजीनामापछिको राजनीतिक निकास संविधानसम्मत र लोकतान्त्रिक विधिबाट खोजिनुपर्ने बताएका छन् । उनीहरूले असामान्य परिस्थितिको सामना गर्न पार्टी एकताबद्ध र अनुशासित भएर अघि बढ्नुपर्ने आवश्यकता औंल्याए।

नेताद्वयले युवा पुस्ताद्वारा सञ्चालित भ्रष्टाचारविरोधी प्रदर्शनका क्रममा प्रहरीको गोली लागेर १९ जनाको मृत्यु र ४ सयभन्दा बढी घाइते भएको घटनाप्रति गहिरो दुःख प्रकट गरेका छन् । "मृतकप्रति श्रद्धाञ्जली, घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना र पीडित परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।"-विज्ञप्तिमा उल्लेख छ।

यस्तै, मुलुकभर भएको तोडफोड, आगजनी, लुटपाट र हिंसात्मक गतिविधिले मुलुक पुनः स्तब्ध बनेको भन्दै चिन्ता व्यक्त गरिएको छ। संघीय संसद भवन, राष्ट्रपति भवन, सिंहदरबार, सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, प्रहरी कार्यालयसहित सयौँ संरचना ध्वस्त भएको, अभिलेख र बहुमूल्य दस्तावेज जलेर नष्ट भएको, सार्वजनिक तथा निजी सम्पत्तिमा खर्बौंको नोक्सानी भएको र कैदीबन्दीहरू कारागारबाट बाहिरिएको उल्लेख गरिएको छ।

पोखरेल र ज्ञवालीले शान्तिपूर्ण प्रदर्शनको पूर्वघोषणाका बाबजुद हिंसात्मक गतिविधि कसरी भयो भन्ने विषयमा यथार्थ छानबिन गर्नुपर्ने माग गरे । साथै, "यस क्रममा राज्यका सुरक्षा निकायहरूको भूमिकाको पनि समीक्षा हुनुपर्छ।"- भनिएको छ।

दुवै नेताले यस्तो विषम परिस्थितिमा पार्टीलाई अविचलित, एकताबद्ध र भविष्यप्रति आशावादी भएर अघि बढ्न आह्वान गरेका छन् । "हामी निरङ्कुशतन्त्र, द्वन्द्व, सामाजिक विद्वेष र विपत्तिसँग जुझ्दै यस बिन्दुसम्म आइपुगेका हौँ । यो प्रतिकूल अवस्था सधैँ रहँदैन, बदलिन्छ।"- विज्ञप्तिमा भनिएको छ।

तिनीहरूले पार्टी पंक्तिलाई नियमित सम्पर्कमा रहन, सामूहिक समाधान खोज्न, प्रशासनसँग समन्वय गरेर सार्वजनिक तथा निजी सम्पत्तिको रक्षा गर्न, शान्ति-सुरक्षा कायम राख्न र राहत प्रदान गर्न आग्रह गरे।

राजनीतिक समाधानका लागि राष्ट्रपतिलाई पहल गर्न आग्रह गर्दै विज्ञप्तीमा भनिएको छ : "सार्थक संवाद सुरु गर्न, सुशासन, सहज सेवा प्रवाह र तीव्र विकासको आकांक्षा सम्बोधन गर्न संविधानसम्मत पहल आवश्यक छ।

» बाँकी ३ पेजमा

## कानुनी शासन र लोकतन्त्रको विकल्प छैन : कांग्रेस

बुटवल । नेपाली कांग्रेसले जेन जी आन्दोलनको क्रममा देशभर भएको तोडफोड, आगजनी र हिंसात्मक गतिविधिहरू शान्तिपूर्ण लोकतान्त्रिक विरोधको मर्म र मान्यताबाट बाहिर गएको निष्कर्ष निकालेको छ।

प्रवक्ता डा. प्रकाश शरण महतले एक विज्ञप्ति जारी गरेर देश, जनता र लोकतन्त्रप्रति प्रतिबद्ध नवयुवाहरूले अवश्य पनि यस्तो नचाहेको बताएका हुन्।

विज्ञप्तिमा भनिएको छ-'कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका जस्ता लोकतन्त्रका आधारभूत स्तम्भहरूमा समेत आगजनी हुनु गम्भीर छ । धेरैको घर निजी सम्पत्ति, उधोगव्यावसाय, सञ्चार गृहलगायतमा भएको आगजनी, तोडफोड र लुटपाट अत्यन्त दुःखद र निन्दनीय छ । यो एक दिनको क्षति १० वर्षे माओवादीद्वन्दको बेला भन्दा धेरै बढी हो। यसले लगानीको वातावरण लाई पनि बिगारेको छ र क्षतिपूर्ति गर्न वर्षौं र ठुलो लगानी लाग्ने निश्चित छ।'

कांग्रेसले पार्टी सभापति शेरबहादुर देउवालगायत अन्य नेताहरूमाथि भएको साङ्घातिक आक्रमणको घोर निन्दा तथा भर्त्सना गरेको छ।

विज्ञप्तिमा भनिएको छ-'देश अहिले राजनीतिक शून्यता र कानुनी अनिश्चिततामा छ । राष्ट्रपतिको समन्वयमा सुरक्षा निकायहरू सक्रिय भई शान्ति-सुरक्षा अमनचयन कायम हुन जरुरी छ। कानुनी शासनको विकल्प छैन, लोकतन्त्रको विकल्प छैन। यस जटिल अवस्थामा पार्टीका सम्पूर्ण साथीहरू एकजुट भई आत्मविश्वास र भरोसा जगाउनु अपरिहार्य छ।'

लोकतान्त्रिक प्रक्रियाको पुनः स्थापना र संरक्षणका लागि सबै फेरि सक्रिय हुन आवश्यक रहेको विज्ञप्तिमा उल्लेख छ।

'नेपाली कांग्रेस लोकतन्त्रको लागि सबैभन्दा भरपर्दो शक्ति हो भन्ने कुनै दुविधा छैन। पार्टीले अन्य लोकतन्त्र र संविधानप्रति प्रतिबद्ध दलहरूसँग तत्काल संवाद गर्न आवश्यक छ,' विज्ञप्तिमा भनिएको छ-'त्यसैले शान्ति, सुरक्षा, संवैधानिक व्यवस्था र लोकतान्त्रिक प्रक्रियाको संस्थागत पुनर्स्थापना लागि राष्ट्रपतिको अगुवाइमा हुने संवाद र पहलमा नेपाली कांग्रेसले सक्रिय पहल गर्न आवश्यक छ।'

जेन जी आन्दोलनको क्रममा भएको दुःखद घटना भएकोप्रति कांग्रेस गहिरो दुःख व्यक्त गरेको छायसैबीच नेपाली कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले संविधान बमोजिम वैधानिक बाटोबाट नै मुलुकलाई निकास दिन आग्रह गरेका छन्। देशलाई २०७२ को संविधानभन्दा पछि फर्कन नदिन सम्पूर्ण प्रयास केन्द्रित गरिने उनीहरूले बताएका छन्।

» बाँकी ३ पेजमा

# १३ हजारभन्दा बढी कैदी कारागारबाट भागे



बुटवल । देशभरका कारागारहरूबाट साढे १३ हजारभन्दा बढी कैदीबन्दी फरार भएका छन् । भाग्नेमा नक्कली भुटानी शरणार्थी काण्डमा थुनामा रहेका एमालेका पूर्व सचिव टोपबहादुर रायमाझी समेत छन् । उनी सुन्धारास्थित केन्द्रीय कारागारको भद्र बन्दीगृहबाट भागेका हुन्।

उक्त कारागारबाट करिब ३३ सय कैदीबन्दी फरार भएका छन्।

कारागारमा रहेका ३८ सय कैदीबन्दीमध्ये ५ सयको हाराहारीमा मात्रै कारागारमा रहेका छन्।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डीआइजी विनोद घिमिरेका अनुसार देशभरका कारागारहरूबाट बुधबार दिउँसोसम्म १३ हजार ५ सय ७२ कैदीबन्दी फरार भएका हुन्।

त्यसैगरी हिरासतमा रहेका ५६० जना थुनुवा पनि फरार भएका छन्। विभिन्न मुद्दामा अनुसन्धानका लागि हिरासतमा रहेका ५६० थुनुवा फरार भएका हुन्।

जेजनीले गरेको प्रदर्शनका क्रममा मंगलबार तोडफोड र आगजनी गर्दै कैदीबन्दी फरार भएका हुन्।

कपिलवस्तु कारागारका बन्दीले कारागार तोडफोड गरी भागेका छन्।

जेनजी आन्दोलनको मौका पारेर कारागार तोडफोड गरी चार सय बढी कैदी भागेको प्रमुख जिल्ला अधिकारी दिल कुमार तामाङले पुष्टि गरे।

कारागारमा ४७० जना कैदी थिए। तीमध्ये ३५ जना भने कारागारमै रहेको प्रमुख जिल्ला अधिकारीले बताए। दुई ब्लकबाट भागेका भागेकामध्ये २० जनालाई पक्राउ गरिएको उनले बताए।

कारागारबाट फरार भएका कैदी बन्दीले नजिकै रहेको कपिलवस्तु अदालतमा तोडफोड र आगजनी गरेका छन् । आगजनीबाट कारागारका कागजातहरू जलेका र भवनको संरचना तथा उपकरणहरूमा समेत क्षति पुगेको छ।

फरार कैदी बन्दीलाई नियन्त्रणमा लिन सुरक्षाकर्मी परिचालन गरिएको कपिलवस्तुका प्रमुख जिल्ला अधिकारीले जानकारी दिए।

**सेनाको सुरक्षा गस्ती परिचालन**

जिल्ला सुरक्षा समिति कपिलवस्तुले २०८२ भाद्र २४ गते राती १० बजेबाट नेपाली सेनासहितको सुरक्षा गस्ती परिचालन गरेको जनाउँदै कुनै पनि अवाञ्छित गतिविधि गरेमा सुरक्षात्मक कारबाही हुने सूचना जारी गरेको प्रजिअ तामाङले बताए।




# सम्पादकीय

## संविधानसम्मत निकास निकाल

प्रधानमन्त्री केपी ओलीले राजीनामा दिएपछि बढेको अन्यौलमा मुलुकमा आगजनी, लुटपाट सेनाको सक्रियतासँगै रोकिए पनि जेलबाट कैदी बन्दी फरार हुने क्रम रोकिएको छैन। सिंहदरबारसहित देशका विभिन्न प्रशासनिक संरचनालाई खरानीबाट मुक्त गरी जति छिटो सेवा प्रवाह सुरु गरिन्छ, देश सामान्य अवस्थातिर जान्छ। प्रदर्शनका क्रममा भएको गोली प्रहार र त्यसबाट भएको क्षतिको छानबिन र दोषीलाई कारबाही पनि ढिलाइ गर्न हुन्न। सिंहदरबारसहित प्रशासनिक र निजी संरचनामा आगो लगाउने, जिउँदै जलाउने व्यक्तिको पहिचान गरी कानुनी कारबाहीमा ल्याउन सक्दा मुलुकमा कानुनी शासनको विधिवत बहाली हुनसक्छ। त्यसका लागि मुलुकमा नयाँ सरकार छिटो बन्न आवश्यक छ। नयाँ सरकार बन्न जति छिटो आवश्यक छ, त्यति नै संविधानसम्मत हुन जरूरी देखिन्छ। संविधानसम्मत बन्ने सरकारले नै भावी अन्यौल र अराजकतालाई न्यूनीकरण गर्न सक्छ।

देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार, सर्वोच्च अदालतलगायतका प्रशासनिक संरचनामा भएको आगजनी र उत्पन्न असामान्य परिस्थितिलाई सही बाटोमा हिडाउन संविधानसम्मत प्रयासले मात्रै सार्थकता पाउन सक्छ। संविधानभन्दा भिन्न बाटोबाट अघि बढ्ने मार्ग तयार गर्न खोज्दा अँध्यारो सुरूङभित्र छिर्ने सम्भावना उत्तिकै छ, त्यो मार्ग भयानक कठिन र डरलाग्दो हुनेछ, जसले आन्दोलनरत जेनजीका माग र समस्या सम्बोधन गर्ने छैन नै, मुलुकको स्वाधीनता र सार्वभौमसत्ताको जोखिम पनि झनै बढ्ने छ।

मुलुकमा बढ्दो निराशा सुशासन कमजोर बन्दै जाँदा हो। राज्य संयन्त्रको प्रभावकारी परिचालनमा सुशासनको अभाव हुँदा नयाँ पुस्ताको आक्रोश बढेको हो। नयाँ पुस्ताको आक्रोश र मागलाई समाधान गर्ने उपाय छिटो खोज्न र वास्तविक रुपमा माग सम्बोधन गर्नका लागि पनि संविधानसम्मत प्रयासले मात्रै निष्कर्षमा पुग्न सकिन्छ। अहिले संविधानसम्मत अघि बढ्दा मात्रै नयाँ शासकीय प्रबन्धमा जनअनुमोदन गर्न वा जनमत तयार गर्न सहज छ। नयाँ पुस्ताले राजनैतिक निकासका लागि जे जति छलफल चलाएको छ, ती सकारात्मक छन्। तर कतिपय पात्र जो राजनैतिक स्वार्थको रोटी सेक्न सक्रिय छन्, उनीहरुलाई सँगै लिएर अघि बढ्दा राजनैतिक निकास निस्कदैन् नै, नयाँ पुस्ताको इच्छा र चाहना पनि पुरा हुन सक्तैनन्। मुलधारका राजनैतिक दलप्रतिको असन्तुष्टिबाट जन्मेको विद्रोह भएकोले यो आवाजलाई सार्थक रुपमा अघि बढाउन र लोकतान्त्रिक व्यवस्थालाई अघि बढाउन मूलधारका राजनैतिक दललाई समेत विश्वासमा लिन आवश्यक छ।

संविधानभन्दा भिन्न तरिकाबाट राजनैतिक निकास निकाल्ने प्रयास अन्ततः मुलुकमा अकल्पनिय संकटमा होमिनु हो। अहिले टेक्ने र समाउने साधन भनेकै संविधान छ। आन्दोलन गर्नु र परिवर्तन हुनु एउटा पक्ष हो। परिवर्तन र आन्दोलनका उपलब्धि जोगाउनु र त्यस अनुकुल मुलुकलाई लयमा हिंडाउनु निकै कठिन काम हो। संविधानलाई जोगाउनका लागि संसदले अहिलेको आन्दोलनको मर्मलाई आत्मसात गर्न सक्छ। आन्दोलनको मर्म र भावनाअनुसार संविधानका कतिपय धारा संशोधन गरेर भए पनि आन्दोलनकारी पुस्ताका प्रतिनिधि सरकार प्रमुख बन्ने बाटो खोल्न सक्छ। संविधानसम्मत निकासका लागि राष्ट्रपतिको सक्रियता र पहलकदमीले नै महत्वपूर्ण भूमिका खेल्नेछ।

# देशलाई २०७२ को संविधानभन्दा पछि फर्कन नदिऔं



गगन थापा/ विश्वप्रकाश शर्मा

**यस्तो छ अपील :**

आदरणीय नेपाली आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरू

जेनजी युवाहरूले सुरु गरेको आन्दोलनका क्रममा जीवन गुमाएका होनहार युवाहरूप्रति फेरि पनि भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै परिवारजनमा गहिरो समवेदना अर्पण गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं।

भदौ २३ र २४ गते दुई दिनमा भएका घटनाक्रमपछि देशलाई शान्ति र पुनर्निर्माणको दिशामा अघि बढाउन हामी सबै पक्षले संयम र एकता साथ प्रस्तुत हुन जरुरी छ। नेपाल देशको समुन्नति र सुन्दर भविष्यका लागि लोकतान्त्रिक प्रणालीको बाटोलाई नवीन ढंगले सुनिश्चित गर्ने गुरुत्तर दायित्वप्रति हामी सबै गम्भीर बन्न आवश्यक छ। मुलुकको सार्थक हित चाहने, शान्ति, सुशासन र समुन्नतिको मार्गमा हिँड्न चाहने सबैमा नेपाली कांग्रेस हार्दिक आह्वान गर्दछ।

१. यो विषम परिस्थितिमा वार्ता र संवादमार्फत् निकास दिनका लागि सम्माननीय राष्ट्रपतिज्यूले लिनुभएको पहलकदमीको स्वागत गर्दछौं। सबै पक्षसँग आवश्यक परामर्श गरी संवादबाट नै समाधान खोज्न हामी आग्रह गर्दछौं। नेपाली सेना लगायत सबै सुरक्षा निकायहरूले शान्ति सुरक्षा कायम गर्न आ-आफ्नो स्थानबाट गरिरहेको प्रयास र संवाद प्रक्रियालाई आम नागरिक, नागरिक समाज, सञ्चार जगत, अन्तर्राष्ट्रिय समुदाय सबै तहबाट पनि साथ-सहयोगका लागि अपील गर्दछौं।

२. हामी यो पहललाई जेनजी पुस्ताको भावना बमोजिम नै निष्कर्षमा पुऱ्याउन आग्रह गर्दछौं। त्यसो गर्दैगर्दा 'आवश्यकताको सिद्धान्त' बमोजिम हुने निर्णयलाई पनि संविधान बमोजिम वैधानिक बाटोबाट नै अगाडिको यात्रा तय गर्न सकिन्छ र गर्नुपर्छ भन्ने कुराको स्मरण गराउन चाहान्छौं। विधि विहीनताले थप अराजकता निम्त्याउँछ त्यसैले वार्ताका क्रममा राष्ट्रपतिज्यू र जेनजी पक्षलाई हामी आग्रह गर्छौं- अब देश चलाउन र निर्वाचन गर्न नयाँ राजनीतिक संरचना बनाउँदा देशमा लामो संवैधानिक रिक्तता र शून्यता आउन नदिन हरसम्भव वैधानिक उपाय अपनाइयोस्, संविधान र लोकतान्त्रिक बाटोबाट नै समाधान खोज्दै यो बेथितिको अन्त्यको मार्गचित्र तय गरियोस्। त्यसमा हाम्रो समर्थन रहनेछ।

३. सोमबारको प्रदर्शनका दिन अत्यधिक बल प्रयोगबाट भएको गम्भीर अपराधको उच्चस्तरीय आयोगमार्फत् गहिरो छानबिन गरेर दोषीहरूलाई कानुनी कारबाहीको दायरामा ल्याउनु पर्छ भन्ने कुराको पनि पुनः ध्यानाकर्षण गराउँदछौं।

४. सामाजिक सञ्जाल खोल्न र पदत्याग गर्न हामीले गरेका आग्रह र दबाब स्वीकार्न प्रधानमन्त्रीले ढिलाइ गर्दा स्थिति थप चर्किएको र अनियन्त्रित भएको तथ्य स्वीकार्न जरुरी छ। हाम्रो पटक पटकको आग्रहका बाबजुद परिस्थितिलाई नजरअन्दाज गर्नु, राजनैतिक नेतृत्वले स्थितिको सही आंकलन आफू गर्न सक्नुपर्छ या अरूले दिएको सही सुझावलाई समयमै ग्रहण गर्न सक्नुपर्छ, यो यथार्थ आत्मसात गर्न प्रधानमन्त्रीले ढिलाइ गर्दा जो मानवीय क्षति भयो त्यसबाट सिंगो नेपाल र संसारभरका हामी सबै नेपाली स्तब्ध र अत्यन्तै दुखित छौं।

५. सोमबार भएको मानवीय क्षतिले दिएको चोटमाथि मंगलबारका घटनाहरुले थप पीडा थप्न पुग्यो। शान्तिपूर्ण प्रदर्शनमार्फत् दबाब सिर्जना गराएर आफ्ना माग पूरा गराउने नयाँ पुस्ताको उद्घोष विल्कुलै जायज थियो। तर सिंहदरबार, शितल निवास, संसद् भवन, सर्वोच्च अदालतलगायतमा आगजनी गरेर देशको ऐतिहासिक धरोहर र खर्बौंको संरचना अनि लोकतान्त्रिक संस्था ध्वस्त गर्ने र सार्वजनिक सम्पत्तिमा नष्ट गर्ने घोषणा जेनजीको थिएन, र त्यो जेनजीको माग पनि होइन भन्ने हाम्रो विश्वास हो। कयौं सरकारी कार्यालय, मिडिया हाउस, व्यावसायिक प्रतिष्ठान आदिमा गरिएको आगजनि अत्यन्तै दुःखद र निन्दनीय छ। जेनजी आन्दोलनकारीको भावना र घोषणाभन्दा बाहिर आन्दोलनको हुलमुलमा नियतवश पसेकाहरूले योजनाबद्ध रूपमा यो सब विध्वंश गरेका हुन् भन्ने हाम्रो बुझाइ छ। जेनजी युवाहरूको स्वस्फुर्त प्रदर्शनमा विभिन्न स्वार्थ समूहहरूले गरेको घुसपैठ, हिंसा, हत्या र योजनाबद्ध आगजनीको कठोर निन्दा गर्छौं। अबको सरकारले देशव्यापी रूपमा भएको यो सम्पूर्ण ध्वंसको छानबिन गर्न र पुनर्निर्माणका लागि यथासक्य चाँडो योजना निर्माण गर्नुपर्दछ।

६. नागरिकको बोल्ने अधिकारको रक्षाका लागि लडेका नेता नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा उपर भएको आक्रमण एवं अन्य जो जसमाथि अमानवीय ढङ्गले भौतिक आक्रमण भएको छ, ती प्रत्येक घटना दुःखद र निन्दनीय छन्। यस्ता घटनाको हामी प्रष्ट शब्दमा भर्त्सना गर्दछौं।

७. संघीय लोकतान्त्रिक गणतन्त्र आइसकेपछि सत्तामा पुगेका व्यक्ति र पार्टीहरूले जन अपेक्षाको गतिमा काम गर्न नसकेको, बेथिति र भ्रष्टाचार मौलाएको विषयलाई गम्भीर आत्मसमीक्षा गरिरहेका छौं। त्यस क्रममा सत्तालाई जवाफदेही बनाउन गरेका हाम्रा प्रयास पनि अपूर्ण रहेको, पर्याप्त हस्तक्षेप गर्न नसकेको र नयाँ पुस्ताको लय र चाहना समयमै बुझ्न नसकेकोमा हामी आत्मालोचित छौं। तर, अब फेरिएको यस परिस्थितिमा युवाहरूको आकांक्षा र अपेक्षाअनुसार जिम्मेवार राजनीति गर्ने दलका रूपमा नेपाली कांग्रेस पार्टीलाई जरैदेखि सम्पूर्णरुपमा पुनर्निर्माण गर्ने प्रतिबद्धता गर्छौं। हामी विश्वस्त छौं- आवेग, उत्तेजना र प्रतिशोध यस्तो उथलपुथलका बेला आउने र जाने क्षणिक कुरा भएकाले अबको नेपाली कांग्रेस आम जनताको अपेक्षा, जेनजी युवाहरूको भावना र अन्य भिन्न पुस्ताको अभिमत समेतलाई गाँसेर अझ सशक्त र जनउत्तरदायी दल बनेर अघि आउनेछ।

८. आम नागरिकको प्रतिनिधित्व, न्याय र समावेशिताका हकमा हामी जति अघि बढेका थियौं, त्यसबाट पछि फर्किनु भनेको अरु यस्तै आन्दोलन र विद्रोहहरूको श्रृंखलालाई निम्तो दिनु हो भन्ने स्मरण गर्दै, यस अघिका आन्दोलनका बेला अहिले जस्तै गरी सार्वभौम नागरिकहरूले ज्यू-ज्यान दिएर हात परेका उपलब्धि नउल्टियुन भन्नेमा र देशलाई २०७२ को संविधानभन्दा पछि फर्कन नदिन अब हाम्रो सम्पूर्ण प्रयास केन्द्रित गर्नेछौं। परिवर्तनले सदैव अग्रगमनलाई बोक्नुपर्छ भन्ने मान्यतामा हामी दृढ ढंगले प्रष्ट छौं।

- हरेक देशको प्रगति यात्रा र राजनीतिमा अनुकूल र प्रतिकूल स्थिति आउँछ नै। नेपालले पनि पटक-पटक यस्तो अवस्था सामना गर्दै आएको छ। दुवै अवस्थामा संयम एवं एकतासाथ कार्य गर्नु र नागरिकपंक्तिसँग जोडिइरहनु प्रत्येक पार्टी सदस्यको कर्तव्य हुन्छ। पछिल्ला दिनमा विकसित घटनाक्रमबाट देश र विदेशमा रहनुभएका साथीहरू चिन्तित हुनुहुन्छ, अलमलिनु भएको छ। नेपाली कांग्रेस धेरै पटक अनेकन आक्रमण खेप्दै, उठ्दै र जुट्दै अगाडि बढेको हो। त्यसैले अहिलेको विषम परिस्थितिमा सबै साथीहरूलाई कुनै पनि रूपमा विचलित नभई संयम रहन, विवेकपूर्ण ढङ्गले कार्य गर्न र एकताबद्ध रहन सबै सदस्य र शुभचिन्तकमा अपील गर्दछौं। हामी पुनः विश्वास दिलाउन चाहन्छौं- गम्भीर आत्मसमीक्षा एवं आत्मशोधन गर्दै नवीन र चुनौतीपूर्ण परिस्थितिकै बीचबाट हामी फेरी नयाँ ढङ्गबाट अगाडि बढ्नेछौं र समुन्नतिको यात्रालाई सम्हाल्ने छौं।

अन्त्यमा, अहिलेको विषम र अस्थिर परिस्थितिबाट उठ्न र पुनर्निर्माणमा जुट्न संयम, संवाद र एकता अपरिहार्य छ। अत्यन्तै कठिन अवस्था र प्रतिकूलता बीच पनि 'सामाजिक एकता र सदभाव' नेपाली समाजको विशिष्ट चरित्र हो। अहिलेको अवस्थामा यो चरित्र बलियो ढंगले प्रस्तुत गर्न स्वदेश र विदेशमा रहेका समस्त नेपाली आमाबुबा, दिदीबहिनी दाजुभाइमा हार्दिक आह्वान गर्दछौं।

# आइतबारसम्मका लागि सेयर बजार बन्द




काठमाडौं। सेयर बजार आइतबारसम्म बन्द हुने भएको छ। नेपाल स्टक एक्स्चेञ्ज (नेप्से) ले सूचना जारी गर्दै यस्तो जानकारी गराएको हो।

विषम परिस्थितिमा लगानीकर्ताबिच माग भई आएकोले बुधबार र बिहीबारका लागि बजार बन्द गर्ने निर्णय भएको नेप्सेका प्रवक्ता मुराहरि पराजुलीले जानकारी दिए।

शुक्रबार र शनिबार भने नेप्सेको कारोबार नियमित रूपमै बन्द रहनेछ। सोही कारण बजारमा सो दिनपछि मात्रै कारोबार सुरु हुनेछ। मंगलबार समेत बजारमा कारोबार भएको थिएन।

# तारेको खानेकुरा छाड्दा स्वास्थ्यमा हुने ६ फाइदा



फ्राइड फूड्स हाम्रो दैनिक जीवनको अभिन्न हिस्सा बनिसकेका छन्। तर, यिनको स्वास्थ्यमा पर्ने नकारात्मक असरहरू बारेमा वैज्ञानिक अध्ययनहरूले धेरै प्रमाणहरू दिएका छन्।

**१. अनावश्यक तौल घट्छ**

तारेका खानाहरूमा चिल्लोको मात्रा अत्यधिक हुन्छ, जसले शरीरमा अनावश्यक क्यालोरी जम्मा गर्छ र तौल बढाउँछ। यी खानाहरू उच्च क्यालोरी र ट्रान्स फ्याटले भरिएका हुन्छन्, जसले मोटोपनको जोखिम बढाउँछ।

यदि नियमित रूपमा तारेका खानाहरू छोडियो भने क्यालोरीको सेवन घट्छ। शरीरले सञ्चित चिल्लोलाई ऊर्जाको रूपमा प्रयोग गर्न थाल्छ। यसले गर्दा मोटोपनसँग सम्बन्धित अन्य समस्या जस्तै जोर्नी दुखाइ र थकान पनि कम हुन्छ।

**२. मुटुरोगको जोखिम कम**

तारेका खानामा ट्रान्स फ्याट र स्याचुरेटेड फ्याट भरपूर हुन्छन्, जसले शरीरमा खराब कोलेस्ट्रोल बढाउँछ र राम्रो कोलेस्ट्रोल घटाउँछ। यसले उच्च रक्तचाप, मोटोपन र मुटुरोगको जोखिम बढाउँछ। यदि फ्राइड फूड्स पूर्णरूपमा हटाइयो भने मुटुको स्वास्थ्यमा सुधार आउँछ, जसले हृदयघात, स्ट्रोक र मुटु फेलियरको खतरा घटाउँछ।

**३. अक्सिडेटिभ स्ट्रेसबाट राहत मिल्छ**

तारेका/भुटेका खानाहरूले शरीरमा अस्वस्थ चिल्लो र अक्सिडेटिभ कम्पाउन्डहरू जम्मा गर्छन्, जसले कोशिकाहरूलाई क्षति पुऱ्याउँछ र तनाव बढाउँछ। यसले मधुमेह, क्यान्सर र बाथजस्ता रोगहरूको जोखिम बढाउँछ। तारेका खानाहरूले मोटोपन, हृदयरोग, टाइप २ मधुमेह र आन्द्राको समस्या निम्त्याउँछ। जब यी खानाहरू छोडिन्छ तब शरीरका क्षति भएका कोषहरूको मर्मत प्रक्रिया राम्रो हुन्छ।

**४. पाचन प्रणालीमा सुधार**

तारेका खानाहरू पचाउन गाह्रो हुन्छन्, जसले एसिडिटी, कब्जियत, ग्यास र आन्द्राको समस्या निम्त्याउछ। क्लिभल्याण्ड क्लिनिकका अनुसार, यी खानाहरूले रिफ्लक्स र सुन्निने समस्या बढाउँछ। तारेका खानाहरूले इरिटेबल बोवेल सिन्ड्रोम वा एसिड रिफ्लक्स भएकाहरूलाई असुविधा दिन्छ।

जब यस्ता खानाहरूबाट टाढा रहिन्छ तब पाचन प्रणाली राम्रोसँग काम गर्छ, पोषक तत्वहरू राम्रोसँग अवशोषित हुन्छन् र आन्द्राको ब्याक्टेरियाको सन्तुलन सुधारिन्छ। यसले गर्दा समग्र स्वास्थ्यमा फाइदा पुग्छ, जस्तै फास्ट फूड छोड्दा मुड सुधारिन्छ।

**५. छाला स्वस्थ र चम्किलो हुने**

धेरै तारेका खानाले छालामा डन्डिफोर, च्याश र तेलीय समस्या बढाउँछन्। साथै समयभन्दा पहिले बुढ्यौलीका लक्षणहरू देखाउँछन्। तारेको खाना छोड्दा छालाको प्राकृतिक चमक फर्किन्छ र उमेरका प्रभावहरू ढिलो देखा पर्छन्। यसले गर्दा आत्मविश्वास पनि बढ्छ।

**६. मधुमेहको जोखिम कम र लिपिड प्रोफाइलमा सुधार**

तारेका खानाहरूमा असन्तृप्त र ट्रान्स फ्याट धेरै हुन्छ, जसले रक्त लिपिड स्तरलाई नकारात्मक प्रभाव पार्छ र मधुमेहको जोखिम बढाउँछ।



**आगजनीका क्रममा भएका फोहर सरसफाइ गर्दै कर्मचारी:**

आन्दोलनका क्रममा मङ्गलबार तोडफोड र आगजनी भएको बाँकेको नेपालगञ्ज उप-महानगरपालिकाको कार्यालय परिसरमा बुधवार सरसफाइ गर्दै कार्यालयका कर्मचारीहरू। तस्विर : रुपनी जि एम/रासस

# धनुषामा तेस्रो सर्प महोत्सव हुँदै



महेन्द्रनगर । आगामी असोज २ र ३ गते धनुषाको मिथिला विहारी नगरपालिकाको मिथिलेश्वर मौवाहीस्थित कल्चर भिलेजमा तेस्रो सर्प महोत्सवको आयोजना हुँदैछ।

सेभ द लिवस सोसाइटी तथा मिथिला वाइल्डलाइफ ट्रष्टको आयोजनामा हुन गइरहेको सो महोत्सवमा सर्प र त्यसका प्रजातिबारे बृहत् जानकारी, सर्पको टोकाइबाट बच्न तथा टोकिसकेपछिको प्राथमिक उपचार तथा सर्प पक्रन अपनाइने विधिसहितका जानकारी र प्रस्तुति हुने ट्रष्टका अध्यक्ष देवनारायण मण्डलले जानकारी दिए।

सर्पको संरक्षक गर्न, सर्पले किन टोक्छ, सर्प र मानवबीचको सौहाद्रता तथा अपनत्व कसरी बढ्छ, सर्पसहितका जीवहरूको पनि बाँच्न पाउने अधिकार छ र यिनलाई कसरी वातावरणमैत्री बनाउने भन्ने ज्ञानमूलक आयोजनासमेत रहेकाले सहभागिताका लागि सोसाइटीका अध्यक्ष कमल देवकोटाले आग्रह गरे।

नेपालमा हालसम्म ८४ प्रजातिको सर्प देखापरेको जानकारी गराउँदै आयोजकले आफूहरूले हालसम्म पाँच हजार करिब सर्पको उद्धार गरेको मण्डलको भनाइ छ। तीमध्ये करिब २० अर्थात् १८ प्रतिशत सर्पमात्र विषालु भेटिएको आयोजकले बताए।

बुधबार जनकपुरधाममा महोत्सवको ब्यानर अनावरण गर्दै मधेसमा सर्प र मानवबीचको शत्रुता अन्त्य गर्न तथा सर्पबारेको कथित भ्रम अन्त्य गर्दै बृहत् जानकारीमूलक आयोजना सावित हुने उनले उल्लेख गरे। सो अवसरमा सर्प विशेषज्ञ सुवोध आचार्यसहितको उपस्थिति थियो। यसअघि यो महोत्सव तिलोत्तमा र कावासोती नगरपालिकामा सम्पन्न भइसकेको मण्डलले जानकारी दिए।

# जनताको जीउधनको रक्षा र राष्ट्रिय सम्पत्तिको सुरक्षा गर्न बारको आग्रह




बुटवल । नेपाल बार एसोसिएसनले आम जनताको जीउधनको रक्षा र राष्ट्रिय सम्पत्तिको सुरक्षा गर्न सम्बद्ध सुरक्षा निकायको ध्यानाकर्षण गरेको छ।

बारका महासचिव केदारप्रसाद कोइरालाले बुधबार एक विज्ञप्ति जारी गरी जनताको जिउधनको रक्षाका लागि सुरक्षा निकायको ध्यानाकर्षणसहित शान्ति बहालीका लागि सम्पूर्ण जनसमुदायमा अपिल गरेका छन्।

मङ्गलबार बारको भवन तथा सवारीसाधन, सर्वोच्च अदालतलगायतका अड्डा-अदालतहरूमा भएको आगजनी, तोडफोड र लुटपाटका घटनाप्रति नेपाल बारले भर्त्सना गरेको छ।

"आपसी वार्ता, मेलमिलाप र सहिष्णुताले मात्र प्रणाली सुदृढ हुन्छ र शान्ति सुरक्षा कायम रहन्छ भन्ने कुरामा हामी दृढ छौँ", विज्ञप्तिमा भनिएको छ-"कानुन व्यवसायीहरूको निजी आवास, कार्यालय र निजी सम्पत्तिमाथि गरिएको तोडफोड र लुटपाटसम्बन्धी कार्यको निन्दा गर्दछौँ। कानुन व्यवसायीमाथि गरिएको गालीगलौज र दुर्व्यवहारको विरोध गर्दछौँ।"

अधिवक्ता अजयशङ्कर झाको निजी तथा सार्वजनिक सम्पत्तिमाथिको आगजनी, तोडफोड र लुटपाटसहितको हिंसात्मक घटनाले आमनागरिकको जीउधनको सुरक्षामा गम्भीर चुनौती दिएको बारले स्पष्ट गरेको छ। परिस्थितिलाई थप अराजकता र मुठभेडतर्फ लैजान नदिन र समाजका सबै पक्षलाई संयमता अपनाइ विवेक नगुमाउन बारले सम्बद्ध सबैसँग अनुरोध गरेको छ।

"देशभरिका अदालत र बार एकाइहरूमा गरिएको आगजनी, तोडफोड र लुटपाटले हामीलाई मर्माहत र स्तब्ध बनाएको छ। जसको पीडा शब्दमा अभिव्यक्त हुन सक्दैन", विज्ञप्तिमा भनिएको छ-"नेपाली जनताको आस्थाको धरोहर, पुरातात्विक एवं ऐतिहासिक महत्व बोकेका दस्ताबेज एवं न्याय निरुपणसम्बन्धी अभिलेखसहितको सर्वोच्च अदालतलगायतका अदालतहरूको भवन आगजनी भइ अपुरणीय क्षति पुर्याएको घटना नेपाली न्यायिक इतिहास र नेपाली मौलिक परम्परामाथिको प्रहार भएको महसुस गरेका छौं।"

"अदालतहरूमा रहेका बाँकी दस्तावेज र अभिलेखहरूलाई सुरक्षित गरौँ, न्यायपालिकाको सम्पत्ति, प्रतिष्ठा र विश्वसनीयता जोगाउन पहल गरौँ, आगामी पुस्ताका लागि न्यायको आधारभूत संरचना जोगाउन हातेमालो गर्दै नष्ट हुन बाँकी रहेका महत्त्वपूर्ण दस्तावेज र प्रमाणहरूको सुरक्षामा ध्यान दिई थप क्षति हुन नदिन सम्पूर्ण बार एकाइलगायत तत्तत् निकायहरूसमक्ष आग्रह गर्दछौँ", विज्ञप्तिमा भनिएको छ-"न्यायपालिकामा सुधार आवश्यक छ, तर त्यस्तो सुधार स्वतन्त्र न्यायपालिकासम्बन्धी राष्ट्रिय, अन्तरराष्ट्रिय मूल्यमान्यता र सिद्धान्तबमोजिम हुनुपर्दछ भन्ने हाम्रो मान्यता रहेको छ।"

# हस्तकलाका सामग्री बनाउने सीपमा धनी थारू समुदाय

कञ्चनपुर । थारू समुदाय परम्परागत सीपमा धनी छ । पुर्खौंदेखि थारू समुदायले जोगाउँदै ल्याएका परम्परागत हस्तकलाका सामग्री व्यवसायीकरण हुनसकेका छैनन्।

बाँस, मूञ्ज, घाँस, सनपाट, माटोलगायत स्थानीय कच्चा पदार्थबाट उत्पादन हुने यी सामग्री ग्रामीण जीवनशैलीसँग दैनिक रूपमा जोडिएका छन्। थारू समुदायले आज पनि डेल्वा, ढक्या, पनछोपनी, छिटुवा, छतरी, पंखा, सुप्पा, मच्या, खन्धी, भौँका, गाग्री, करुवा, सुराही, गुन्द्री, मौनी, डोरी, सिकहरलगायत सामग्री प्रयोगमा ल्याइरहेका छन्।

यी मौलिक सामग्री उत्पादन गर्ने सीप पुस्तान्तर भए पनि व्यावसायिक ज्ञान, लगानी र बजार पहुँचको अभावमा लोप हुँदै गएका समुदायका अगुवा नरेन्द्रप्रसाद चौधरीले बताए। "परम्परागत सीपलाई उत्पादन र बजारसँग जोड्न सकिने हो भने हजारौँ परिवारलाई रोजगारी दिन सकिन्छ", उनले भने-"व्यावसायिक सोच र अनुभव नहुँदा सम्भावनामा मात्र सीमित भएको छ।"

अहिले केही थारू युवायुवती मौलिक सामग्री बनाउने व्यवसायतर्फ आकर्षित हुन थालेका स्थानीय बताउँछन्। हस्तकलाको व्यवसायीकरणतर्फ उनीहरूको चासो न्यून छ। निर्मित सामग्री बजारसम्म पुर्याउन नसक्दा पुस्तान्तरण हुँदै आएको सीप घरभित्रै सीमित बनेको छ।

शुक्लाफाँटा नगरपालिकाको उद्योग शाखा प्रमुख धनबहादुर चौधरीका अनुसार परम्परागत हस्तकलाबाट बनेका वस्तुहरू बजारको मागअनुसार परिमार्जन गर्न सके आकर्षक आयआर्जनको स्रोत बन्न सक्छन्। "थारू महिलामध्ये आधकांश परम्परागत चोल्या, लेहङ्गा र अन्य कपडा बनाउन सिपालु छन्, आधुनिक डिजाइन र आकर्षक बुट्टा राखेर बनाउन सकिने हो भने बजार खोज्नै पर्दैन।"-उनले भने।

चलचित्र छायाङ्कन, साङ्गीतिक कार्यक्रम र नृत्यका लागि मौलिक वेशभूषा तथा सजावटी सामग्रीको माग बढ्दो छ। यसैलाई ध्यानमा राखी उत्पादनमा आधुनिकता थपेमा स्थानीयमात्र नभई अन्तरराष्ट्रिय बजारसम्म पनि लैजान सकिने सम्भावना रहेको चौधरीको बुझाइ छ।

स्थानीयस्तरमा कच्चा पदार्थ पाइनुका साथै श्रमिक सहज रूपमा पाइने भएकाले न्यून लागतमा उत्पादन गर्न सकिने लक्ष्मण चौधरीले बताए। उनले भने-"थारु समुदाय तराईमा बसोबास गर्ने भएकाले यसरी उत्पादन भएका हस्तकलाका वस्तुहरु सडक र यातायातमार्फत बजारसम्म पुर्याउन सहज छ, यसलाई अवसरका रूपमा उपयोग गर्ने हो भने हस्तकलालाई उद्योगस्तरमा लैजान सकिन्छ।"

उनका अनुसार गाउँमा सुप्पा, गुन्द्री, छतरी अझै बनाइन्छन्। बजारसम्म पुऱ्याउने सीप र लगानी नभएकाले कला ओझेलमा परेका उनको भनाइ छ। सरकारले तालिम र बजारको पहुँच पुर्याइदिने हो भने यसैबाट आम्दानी लिन सकिने उनले बताए।

बजारको मागअनुसार नयाँ डिजाइन बनाउन तालिम चाहिन्छ", युवा व्यवसायी जानकी चौधरीले भने-"अहिले विदेशी बजारमा पनि नेपाली परम्परागत हस्तकलाको माग छ, यसलाई अन्तरराष्ट्रिय बजारसम्म लैजान सकियो भने आम्दानी गर्न प्रशस्त सम्भवना छन्।"

"अहिले बजारमा परम्परागत ढाँचाका कपडा, गहना र सजावटी सामग्रीको माग बढ्दो छ", सोभा खुनाले भनिन्-"मौलिक संस्कृतिसँग जोडिएका वस्तुलाई प्राथमिकता दिने प्रवृत्ति बढिरहेको छ, यसले आर्थिक मात्र होइन, सांस्कृतिक पहिचानको संरक्षणमा समेत योगदान दिन्छ।"

थारू हस्तकलालाई प्रतिस्पर्धी बनाउन साना उद्यम, सहकारी संस्था र स्थानीय सरकारबीचको समन्वय अपरिहार्य रहेकामा खुनाले जोड दिइन्। बजारमुखी तालिम, लगानी, बजार व्यवस्थापन र निर्यात प्रवर्द्धन नीति ल्याउन सकिने हो भने थारू समुदायको हस्तकलाले राष्ट्रिय अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान दिन सक्ने उनले विश्वास व्यक्त गरिन्।

# सरसफाइमा 'जेनजी'

बुटवल । परिवर्तनका विभिन्न एजेण्डा लिएर प्रदर्शनमा उत्रिएका 'जेनजी'ले यही भदौ २३ र २४ गते सङ्घीय राजधानी काठमाडौँसहित देशका विभिन्न स्थानमा तोडफोड र आगजनी गरे। सार्वजनिक, सरकारी र व्यक्तिगत भौतिक संरचनामा नराम्ररी क्षति पुग्यो। प्रदर्शनका क्रममा ठूलो जनधनको क्षति भयो। सयौँ घाइते विभिन्न अस्पतालमा उपचाररत छन्।

बुधबार विगत दुई दिनभन्दा अलिक फरक देखियो। प्रदर्शनमा उत्रिएका जेनजी आज कुचो, खरेटो, बेल्चालगायत उपकरण लिएर सरसफाइमा उत्रिएका छन्। उनीहरू हुलकाहुल सरसफाइ अभियानमा सक्रिय छन्।

उनीहरु बुधबार बिहानैदेखि क्षति पुगेका र भग्नावशेष क्षेत्रमा समूहगत रूपमा सरसफाइ गरिरहेका भेटिए। केन्द्रीय प्रशासनिक केन्द्र सिंदरबार वरिपरि उल्लेख्य संख्याका जेनजी सरसफाइ गरिरहेका छन्। सिंहदरबारको चारवटै तर्फका गेट, सर्वोच्च अदालत परिसर, माइतीघर मण्डला, बबरमहल, पुतलीसडक, थापाथलीलगायत क्षेत्रमा जेनजीले सरसफाइ गरिरहेका छन्। सरसफाइ गर्नेलाई केही स्वयंसेवीले पिउने पानी वितरण गरिरहेका छन्।

माइतीघर मण्डलासँगैको सरकारी वकिलको कार्यालय परिसरमा सरसफाइ गरिरहेका जेनजी दानसिंह धामीले विभिन्न समूहमा जेनजीले सडकदेखि टोलटोलसम्म सरसफाइ अभियान चलाइएको बताए। उनका अनुसार सिंहदरबार परिसरमा मात्र चारभन्दा बढी समूहमा सरसफाइ भइरहेको छ।

यस्तै केशव सिलवाल, केपी खनाललगायत जेनजीले सरसफाइ अभियानको नेतृत्व गरिरहेको छ। काठमाडौँ महानगरपालिकाको फोहर बोक्ने गाडीसहित सरसफाइबाट सङ्कलित फोहर सङ्कलन गरिरहेका छन्।

सडक, सडक किनार र सार्वजनिक निकायका गेट आसपस छरिएका प्लास्टिक, कागज, पानीका बोतललगायत फोहर उनीहरूले उठाइरहेका छन्। साथै उनीहरुले सडकमा जलाइएका गाडी, मोटरसाइकलका टायर, फलामे उपकरण आदि पन्छाइरहेका छन्।

सर्वोच्च अदालत परिससरमा सरसफाइ गर्दै गरेका खगेन्द्र रोकायाले सिंहदरबार परिसरमा आफ्नो समूहले सरसफाइ गरिरहेको बताए। जेनजीले आन्दोलन, तोडफोड र आगजनीका क्रममा भएका फोहरको सरसफाइ गरेका हुन्। जेनजीले नयाँ बानेश्वर, मीनभवनलगायत क्षेत्रको सडकमा पनि सरसफाइ गरेका छन्।

**पूर्व...**

२०६१ मा वरिष्ठ अधिवक्ता बनेकी कार्की २६५ सलमा सर्वोच्च अदालतको अस्थायी न्यायाधीश बनिन्। २०६७ मा उनी स्थायी न्यायाधीश भइन्।

२०७३ सालमा प्रधानन्यायाधीश नियुक्त भएकी सुशीलाले आफ्नो कार्यकालमा भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति लिएकी थिइन्। उनको कार्यकालमा तत्कालीन सूचना तथा सञ्चारमन्त्री जयप्रकाश प्रसाद गुप्तालाई भ्रष्टाचार मुद्दामा दोषी ठहर गरिएको थियो। त्यसअघि उनले अख्तियार प्रमुख लोकमानसिंह कार्कीविरुद्ध बोल्ड फैसला गरेकी थिइन्।

उनी प्रधानन्यायाधीश बनेको १० महिनापछि तत्कालीन सत्तारुढ दल माओवादी र कांग्रेसले कार्कीले क्षेत्राधिकार नाघेर फैसला गरेको भन्दै उनीविरुद्ध महाअभियोग दर्ता गरेका थिए। तर, त्यो सफल भएन। महाअभियोगविरुद्ध अदालतमा रिट परेपछि तत्कालीन न्यायाधीश चोलेन्द्र शम्शेरले त्यसलाई रोक्न अन्तरिम आदेश गरेका थिए।

**संविधानसम्मत...**

लोकतान्त्रिक गणतन्त्र र बहुदलीय प्रतिष्पर्धात्मक प्रणालीलाई कमजोर गर्नु हुँदैन, बरु थप सुदृढ बनाइनुपर्छ।"

देशभर भइरहेको लुटपाट, आगजनी र तोडफोड नियन्त्रण गर्न तथा जनताको ज्यान-धनको सुरक्षा प्रभावकारी बनाउन नेपाली सेनासहित सबै सुरक्षा निकायलाई सक्रिय हुन नेताद्वयले हार्दिक आह्वान गरेका छन्।

**कानुनी...**

उनीहरुले पार्टीलाई जरैदेखि सम्पूर्ण रूपमा पुनर्निर्माण गर्ने प्रतिबद्धता पनि गरेका छन्।

संघीय लोकतान्त्रिक गणतन्त्र आइसकेपछि सत्तामा पुगेका व्यक्ति र पार्टीहरूले जनअपेक्षाको गतिमा काम गर्न नसकेको दुई महामन्त्रीले स्वीकारेका छन्।

बेथिति र भ्रष्टाचार मौलाएको विषयलाई गम्भीर आत्मसमीक्षा गरिरहेको जारी अपिलमा उल्लेख छ।

सत्तालाई जवाफदेही बनाउन गरेका प्रयास पनि अपूर्ण रहेको, पर्याप्त हस्तक्षेप गर्न नसकेको र नयाँ पुस्ताको लय र चाहना समयमै बुझ्न नसकेकोमा आत्माआलोचना दुई महामन्त्रीले गरेका छन्।

'अब फेरिएको यस परिस्थितिमा युवाहरूको आकांक्षा र अपेक्षा अनुसार जिम्मेवार राजनीति गर्ने दलका रूपमा नेपाली कांग्रेस पार्टीलाई जरैदेखि सम्पूर्ण रूपमा पुनर्निर्माण गर्ने प्रतिबद्धता गर्छौं। हामी विश्वस्त छौं-आवेग, उत्तेजना र प्रतिशोध यस्तो उथलपुथलका बेला आउने र जाने क्षणिक कुरा भएकाले अबको नेपाली कांग्रेस आम जनताको अपेक्षा, जेनजी युवाहरूको भावना र अन्य भिन्न पुस्ताको अभिमत समेतलाई गाँसेर अझ सशक्त र जन उत्तरदायी दल बनेर अघि आउनेछ' अपिलमा भनिएको छ।

देशलाई २०७२ को संविधानभन्दा पछि फर्कन नदिन सम्पूर्ण प्रयास केन्द्रित गरिने उनीहरूले बताएका छन्।

अपिलमा भनिएको छ-'परिवर्तनले सदैव अग्रगमनलाई बोक्नुपर्छ भन्ने मान्यतामा हामी दृढ ढंगले प्रष्ट छौं। संयम, संवाद र एकताले शान्ति समाधान पहिल्याऔं!'

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३



**सरसफाइ गर्दै नेपाली सेनाः**
दाङको घोराहीमा मङ्गलबार प्रदर्शनकारीले गरेका आगजनी बुधबार सरसफाइ गर्दै ज्वालादल गणका नेपाली सेना। तस्विर :कुलदीप न्यौपाने / रासस

# धमाधम एमाले र कांग्रेस छाड्दै जनप्रतिनिधि र युवा नेताहरू

बुटवल । जेनजीको प्रदर्शनका क्रममा १९ जनाको ज्यान जाने गरी सरकारले दमन गरेको घटनापछि सत्तारुढ दल नेकपा एमाले र नेपाली कांग्रेसका नेताहरुले धमाधम पार्टी पत्यिागको परित्यागको घोषणा गरेका छन्। रुपन्देहीमा नेकपा एमाले जिल्ला सचिव एवं सैनामैनाका पूर्व मेयर चित्रबहादुर कार्की, एमालेबाट निर्वाचित देवदहका मेयर ध्रुव खरेल, एमालेबाटै निर्वाचित उप-मेयर विद्यालक्ष्मी गुरुङ, एमालेबाटै निर्वाचित सैनामैनाकी उप-मेयर विना रानालगायतले पार्टी छाडेको घोषणा गरेका छन् ।

एमाले जिल्ला सचिव कार्कीले सोमबार जेनजीको प्रदर्शनमा १९ जनाको ज्यान जाने गरी सरकारले बर्बर दमन गरेको मुलुकमा धेरै जनधनको क्षति भएको भन्दै एमाले परित्यागको घोषणा गरेका छन् ।

उनले सरकारका सबै मन्त्रीले सामूहिक राजीनामा गरी शक्तिशाली नागरिक सरकार गठन गर्नुपर्ने, जेन जिका माग सम्बोधन गर्नुपर्ने र मात्रै बर्तमान राजनीतिक संकटको समाधान गर्न सक्ने बताएका छन् ।

यस्तै एमाले निकट राष्ट्रिय युवा संघ लुम्बिनी प्रदेशका निलम्बित अध्यक्ष सुरज खरेलले नेकपा पनि एमालेको सदस्यता त्यागेको छाडेको घोषणा गरेका छन्। सामाजिक सञ्जालमा लेख्दै उनले एमालेसँग आफ्नो सम्पूर्ण नाता सम्बन्ध विच्छेद भएको जनाएका हुन् ।

खरेलले निर्दोष नागरिकको रगत बगाउने, जनताको पीडामाथि राजनीति गर्ने र आवाजलाई दमन गर्ने प्रवृत्तिका कारण एमालेमा बस्नु नैतिक र मानवीय दृष्टिले अस्वीकार्य भएको टिप्पणी गरेका छन् ।

खरेल पछिल्लो समय विद्या भण्डारीको नेतृत्वमा एमाले हुनु पर्छ भन्ने बहस चलाउँदै युवा संघभित्रको बेथिति बारेमा सार्वजनिक रूपमा बोल्दै आएका थिए ।

उनी देवदहका मेयर ध्रुव खरेलका छोरा समेत हुन् । हालै मात्र युवा संघले संगठन विरोधी कार्य गरेको आरोपमा निलम्बन गरेको थियो ।

यस्तै लुम्बिनी सांस्कृतिक नगरपालिका रुपन्देहीमा बस्दै आएका नेकपा एमालेका नेता उपेन्द्र अधिकारीले पनि एमाले परित्यागको घोषणा गरेका छन् ।

रुपन्देही क्षेत्र नं. ५ क्षेत्रीय कमिटी सदस्य एवं लुम्बिनी सांस्कृतिक नगर कमिटी पूर्व सचिव अधिकारीले युवा विद्यार्थीमाथि भएको सरकारी दमनबाट आजित भएर दल त्याग गरेको घोषणा गरेका हुन् । गत आम चुनावमा रुपन्देही ५ मा एमाले उम्मेदवार बासुदेव घिमिरेलाई जिताउन उनले महत्वपूर्ण भूमिका खेलेका थिए ।

उनी मोटिभेसनल वक्ता समेत हुन् ।

लामो विरासत बोकेको दललाई भित्रैबाट सुधार्न सकिन्छ भन्ने आशा भएर मौन बसेपनि हिजोको घटनाले अति भयो भन्दै उनले अहिलेसम्म सरकारको गलत कामको बारेमा नबोलेकोमा आत्मग्लानी भएको उल्लेख गरे । 'अहिलेसम्म केही नबोली सहेर बसेकामा विशेषगरी जेन जी पुस्ताका भाइबहिनीहरुसँग माफी माग्न चाहन्छु ।'-उनले भने ।

यस्तै एमाले निकट राष्ट्रिय युवा संघ नेपालको केन्द्रीय सदस्य तथा नेकपा (एमाले) पार्टी रुपन्देही जिल्ला कमिटि सदस्य श्रद्धा कुँवरले पनि एमाले परित्याग गरेकी छन् । 'आफ्नै भाइ बहिनीलाई कन्चट ताक्दै ज्यान लिने आफ्नो अकर्मण्यता निकम्मापना र लाचारी ढाक्न नागरिकको मुख थुन्ने र ज्यान लिने तहमा ओली सरकार तानाशाही बनेर हदैसम्मको बर्बरता र संवेदनहिनता देखाएपछि मन थामेर टुलुटुलु बस्न सकिन, इतिहासले मलाइ धिक्कार्ने छ ।'- कुँवरले लेखेकी छन् ।

यस्तै एमाले निकट युवा संघ तिलोत्तमा ८ का अध्यक्ष एवं संघको साइबर सर्कल विभागका जिल्ला सदस्य कमल अर्यालले पनि नेकपा एमाले परित्यागको घोषणा गरेका छन् । सोमबार जेन जीको प्रदर्शनमा निर्दोष र निशस्त्र युवा विद्यार्थीलाई गोली हानेर हत्या गरेको घटनाले पार्टीप्रतिको आशा र विश्वास टुटेर पार्टी छाडेको अर्यालले बताए ।

राजीनामासँगै उनले संघप्रति आफ्नो निराशा जाहेर गर्दै देश र जनताप्रतिको निष्ठा निरन्तर कायम रहने स्पष्ट पारेका छन् ।

यस्तै नेपाल विद्यार्थी संघ कपिलवस्तुका उपसभापति सञ्जय खनालले पनि पदबाट राजीनामा दिएका छन्। उनले एक सार्वजनिक वक्तव्य जारी गर्दै विद्यार्थीमाथि भएको निर्मम गोली प्रहारमा पनि मौन बस्ने संगठन र त्यसको नेतृत्वप्रति असन्तोष व्यक्त गरेका हुन् ।

उनले भनेका छन्-'विद्यार्थीमाथि निर्मम गोली प्रहार भई ज्यान जाँदा समेत मौन बस्ने विद्यार्थी संघ र त्यसको नेतृत्व अब अस्तित्वमा रहनुपर्ने कुनै औचित्य छैन। यस्तो संगठन विघटन हुनु नै उपयुक्त हुन्छ ।'

# बैंकमा रहेको सर्वसाधारणको पैसा सुरक्षित

बुटवल । जेनजीले मंगलबार गरेको प्रदर्शनका कारण बैंक तथा वित्तीय संस्थाहरूमा पनि भौतिक क्षति भएको छ । आक्रोशित प्रदर्शनकारीले तोडफोड र आगजनी गर्दा बैंक तथा वित्तीय संस्थाका केही शाखा कार्यलयमा क्षति पुगेको हो । प्रदर्शनकारीले बैंक तथा वित्तीय संस्थाका कार्यलयमा आक्रमण गर्दा भौतिक क्षति भए पनि मानवीय र नगद क्षति भने नभएको छाता संगठनका प्रतिनिधिले बताएका छन् ।

बैंक तथा विकास बैंकहरूका केही शाखा कार्यलयमा तोडफोड भए पनि ढुकुटीसम्म पुगेर नगद लुटपाट नै गरेको भन्ने जानकारी हालसम्म नभएको नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालाले बताए। मंगलबार राति नयाँ बानेश्वरस्थित राष्ट्रिय वाणिज्य बैंकको शाखा तोडफोड र लुटपाट गर्न खोजिए पनि नेपाली सेनाका कारण मानवीय र नगद नोक्सानी नभएको उनले जनाए।

त्यसैगरी केही स्थानका एटीएम मेसिन तोडफोड गरी नगद झिक्न खोजिए पनि त्यो असम्भव हुने भएकाले नगदको नोक्सानी हुनबाट बचेको कोइरालाको भनाइ छ। उनका अनुसार हालसम्म कुनै पनि बैंकको कार्यलयबाट नगद लुट्ने खालको गतिविधि भएको छैन। कार्यालयका झ्यालढोका फुटाउने तथा फर्निच तोडफोड भने भएका छन् । मंगलबारको प्रदर्शनका कारण के कस्ता क्षति भयो भन्ने यकिन जानकारी नआइसकेको उनले बताए।

'बैंकका कार्यलयमा कर्मचारीहरू पनि नभएको र के कस्तो क्षति भएको छ भनेर अनुमान गर्न पनि सम्पर्क गरेर जनकारी लिने अवस्था नभएकाले क्षतिको विवरण आउन सकेको छैन ।'-उनले भने ।

बैंकका कार्यलयमा भएको क्षतिका सन्दर्भमा बुधबार मात्रै संकलन सुरु गरेको उनको भनाइ छ। 'हालसम्म नगद नै क्षति भएको भन्ने आएको छैन, तोडफोड भने भएको छन् ।'-उनले भने। कतिपय सरकारी कार्यालयका छेउमा भएका बैंकका शाखाहरूमा बढी तोडफोड भएको उनले बताए। बैंकिङ क्षेत्रमा भएको क्षतिको विवरण खोज्ने काम सुरु भएको उनको भनाइ छ। दसौं हजार कर्मचारीलाई घरतिर पठाएकाले पनि विवरण संकलनमा केही जटिलता आएको उनले बताए । त्यसैगरी डेभलपमेन्ट बैंकर्स संघले पनि मंगलबारको आन्दोलनको असरबारे बुधबार बिहान छलफल गरेको छ। डेभलपमेन्ट बैंकहरूमा पनि मंगलबारको आन्दोलनबाट खासै क्षति नभएको संघको निष्कर्ष छ।

संघ कोषध्यक्ष कपिल ढकालका अनुसार क्षति भएको हुन सक्ने अनुमान गरिए पनि त्यसको विवरण के कस्तो छ भनेर छलफल गर्दा खासै नोक्सान नभएको जानकारी आएको बताए।

आन्दोलकारीहरूको उद्देश्य बैंकहरूमै आक्रमण गर्ने नदेखिएकाले पनि क्षति नभएको उनको भनाइ छ। 'अब यो गाउँपालिका अध्यक्ष, उपाध्यक्षको घरहरू भएको ठाउँमा घर जलाउँदा बैंक पर्ने छुट्टै भयो,' ढकालले भने-' विकास बैंकहरूमा पनि सामान्य भौतिक क्षति भए पनि मानवीय र नगद क्षति भएको छैन ।'

मंगलबारको प्रदर्शनमा सिंहदरबार सहित अधिकांस सरकारी कार्यलयमा तोडफोड र आगजनी भएको छ। त्यसका साथै केही उद्योग तथा व्यवसाय, उद्योगीका निवासमामा पनि आगजनी तोडफोड भएको छ।

# स्थितिलाई सामान्य बनाउन सबै पक्षलाई आयोगको आग्रह




बुटवल । राष्ट्रिय मानवअधिकार आयोगले स्थितिलाई सामान्य बनाउन सबै पक्षलाई आग्रह गरेको छ।

आयोगका प्रवक्ता डा.टीकाराम पोखरेलले विज्ञप्ति जारी गर्दै सङ्कटको यस घडीमा स्थितिलाई सामान्य बनाउन राज्यका सबै निकाय र आमनागरिकको सकारात्मक र सक्रिय भूमिका आवश्यक भएकाले सबैले आआफ्नो भूमिका निर्वाह गर्न आयोगले आग्रह गरेको बताए।

आयोगले वर्तमान अन्योलताबाट देशले यथाशीघ्र राजनीतिक निकास पाउनुपर्ने जनाए।

"लोकतन्त्रको विकल्प लोकतन्त्र मात्र हुन सक्दछ भन्ने कुरामा आयोग दृढ छ। अतःजनताका हकअधिकारलाई थप मजबुत र सुरक्षित बनाउँदै लोकतान्त्रिक विधि र प्रक्रियाबाट नै वर्तमान अन्योलताबाट देशले यथाशीघ्र राजनीतिक निकास पाउनु पर्दछ।"-आयोगले भनेको छ।

आयोगले देश विषम अवस्थामा रहेको वर्तमान सन्दर्भमा सबैपक्ष संयमित हुनु पनि आग्रह गरेको छ।

"विगत दुई दिनमा घटेका हिंसात्मक कार्य, आगजनी र तोडफोडले देशको ठूलो जनधनको क्षति भएको दुःखद् घटनाप्रति सबैको चिन्ता हुनु स्वाभाविकै हो । अब यसप्रकारका घटना हुने छैनन् भन्ने कुरामा विश्वस्त हुँदै कोही कसैले पनि हिंसात्मक कार्य नगर्न नगराउन हुन आयोग सबैमा आह्वान गर्दछ।"-आयोगले अगाडि भनेको छ।

आयोगले सम्बद्ध सबै पक्षले देश र जनताप्रतिको जिम्मेवारी मनन गर्दै वर्तमान अन्योलताको अवस्थाबाट अगाडि बढ्नु आवश्यक रहेको भन्दै यसका लागि राष्ट्रिय मानव अधिकार आयोग आवश्यक भूमिका निर्वाह गर्न सदैव तत्पर रहेको बताएको छ।

आयोगका प्रवक्ता डा.पोखरेलले काठमाडौँलगायत देशका विभिन्न भागमा भदौ २३ र २४ गते भएको जेनजी पुस्ताको प्रदर्शन र त्यसपछिको उत्पन्न अवस्थाका सम्बन्धमा आयोगले अनुगमनलाई निरन्तरता दिएको जनाएको छ।

उनले देशका विभिन्न सहरमा भएको दुई दिनको प्रदर्शनपश्चात् लागेको निषेधाज्ञाको समयमा समग्र मानवअधिकारको स्थिति एवं मृतकका परिवार र घाइतेहरूको अवस्था बुझ्ने कार्यलाई आयोगले आज पनि निरन्तरता दिएको जानकारी दिए।

# पाँच करोडको लागतमा पक्की पुल निर्माण



गुल्मी । जिल्लाको पनाहा खोलामा पुल निर्माण भएसँगै सो क्षेत्रका नागरिकलाई आवागमनमा सहज भएको छ । रेसुङ्गा नगरपालिका-४ र इस्मा गाउँपालिका-२ को सङ्गमस्थल पनाहा खोलामा रु पाँच करोड लागतमा पक्की पुल निर्माण भएको हो।

लामो समयको प्रतिक्षापछि पनाहा खोलामा निर्माण गरिएको उक्त पक्की पुलले दुई पालिकाका नागरिकलाई आवतजावत गर्न निकै सहज बनाएको छ । यसअघि पक्की पुलको अभावमा सो क्षेत्रमा वर्षौंदेखि जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता थियो।

पुल निर्माण भएपछि यतिबेला बिहान, बेलुका सदरमुकाम तम्घास आवतजावत गर्न, आवश्यक सामग्री ढुवानीमा सहज भएको स्थानीय पूर्णबहादुर श्रेष्ठले बताए। सडक डिभिजन कार्यालय पाल्पाको रु पाँच करोड छ लाख लागतमा उक्त पुल निर्माण भएको हो। पुलको लम्बाइ ३५ मिटर र चौडाइ ११ मिटर रहेको छ।

योसँगै अहिले रेसुङ्गा नगरपालिका-४ बाट इस्माको पालुखा र धुर्कोटको जैसीथोकसम्मका नागरिक प्रत्यक्ष लाभान्वित भएका छन्। गाईवस्तुलाई वारिपारि गराउन, गाउँमा उत्पादिन कृषि उपज बिक्रीका लागि बजारसम्म लैजान, सवारीसाधन सञ्चालन गर्न, बालबालिकालाई विद्यालयसम्म आवतजावत गर्न सजिलो बनाएको स्थानीय कमला पन्थीले बताए।

यसअघि खोलामाथि पक्की पुल नहुँदा वर्षाको समयमा मानिसलाई आधा घण्टामा पुगिने ठाउँमा डेढ घण्टाको यात्रा गरेर जानुपर्ने बाध्यता रहेको स्थानीय टङ्कप्रसाद श्रेष्ठले जनाए। "अहिले पुल निर्माण भएपछि सबैलाई निकै सजिलो बनाएको छ, बर्खाको समयमा खोला तर्दा कतै बगाउँला कि भन्ने ठूलो त्रास हटेको छ।"-उनले भने।

खोलामा सवारीसाधन लैजाँदा पहिला जोखिम मोल्नुपर्ने र कतिपय अवस्थामा सवारीसाधन बगाइदिने समस्या थियो । अहिले पुल बनेपछि उक्त जोखिम टरेपछि नागरिक खुसी भएका छन् । महादेव खिम्ती श्रेष्ठ कन्सट्रक्सन प्रालिद्वारा निर्माण सुरु भएको चार वर्षपछि पनाहा खोलामा पक्की पुल सम्पन्न भएको हो।

# पर्यटकलाई सहजीकरण गर्दै पर्यटन बोर्ड

काठमाडौँ । नेपाल पर्यटन बोर्डले नेपाल भ्रमणमा रहेका विदेशी पर्यटकको आवागमन तथा व्यवस्थापनमा सहजीकरण गरिएको जनाएको छ । विषम परिस्थितिका कारण पर्यटकलाई गन्तव्यमा पुग्न अहसज भएको अवस्थामा बोर्डले सटल बसको व्यवस्था गरी आवतजावतमा सहजीकरण गरिरहेको उल्लेख गरेको छ।

बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीका अनुसार नेपाली सेना र नेपाल नागरिक उड्डयन प्राधिकरणका अधिकारीसँग समन्वय गरी सहज व्यवस्थापन मिलाइएको छ। विमानस्थलदेखि होटलसम्म आवतजावत गर्न सहजीकरण भइरहेको छ। पर्यटक आवतजावतका लागि मङ्गलबारदेखि काठमाडौँ र पोखरामा पर्यटकलाई सटल बसको व्यवस्था गरिएको छ।

"पदयात्रामा निस्किएका पर्यटकलाई समस्या छैन। उनीहरु निर्वाध रूपमा यात्रा गरिरहेका छन् । खासगरी काठमाडौँमा आगमन भइरहेको र काठमाडौँबाट स्वदेश फर्किने योजनामा रहेका पर्यटकलाई समस्या भइरहेको छ । विमानस्थलदेखि होटल र होटलबाट विमानस्थलसमम लैजान सहजीकरण गरिएको छ।"-सिइओ जोशीले भने । उनले मङ्गलबार दिउँसो सडक अवरुद्ध भए पनि विमानस्थलमा रहेका पर्यटकलाई पानी बिस्कुटको व्यवस्था गरी राति सुरक्षा निकायसँगको समन्वयमा होटलमा पुऱ्याउन सहजीकरण गरिएको बताए।

बोर्डको विवरणमा पछिल्लो १० दिनमा करिब ३५ हजार पर्यटक हवाई मार्ग भएर नेपाल भित्रिएका छन् । उनीहरुमध्ये अधिकांश पदयात्रामा निस्किएका छन् । खुम्बु क्षेत्र, अन्नपूर्ण क्षेत्र, पोखरा र केही काठमौँमा रहेका छन् । नेपालमा मनसुन सकिएर मुख्य पर्यटक सिजन सुरु हुने समय नजिकिएको छ। यो सिजनमा धेरै संख्यामा विदेशी पर्यटक नेपाल आउँछन् ।

बोर्डले विषम परिस्थितिमा पर्यटकको सूचना लिने र सहजीकरणको काम पनि गरिहेको छ। सिइओ जोशीले राष्ट्रिय अन्तरराष्ट्रिय ट्राभल ट्रेका मानिसले सूचना सोधिरहेकाले बोर्डले सहजीकरण गरिरहेको उल्लेख गरे । उक्त प्रयोजनका निम्ति बोर्डले सात जना कर्मचारीलाई डेडिकेटेड राखेर २४ सै घण्टा सूचना दिने काम गरिएको छ। कसैलाई कुनै क्राइसेस परेको खण्डमा सूचना लिने र सम्बन्धित निकायमा सहजीकरणका लागि काम गरिएको छ। बोर्डले फोन, टोलफ्री नम्बर र इमेलमार्फत सूचना लिने र सहजीकरण गरिएको जनाएको छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा
सादा डिजाइनका साथै
सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३५७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com